# आपूर्ति मन्त्रालय

मन्त्रालय र मातहतसमेत २ निकायको यो वर्ष विनियोजन रु.७६ करोड ८४ लाख, राजस्व रु.७३ लाख, धरौटी रु.६ लाख र अन्य कारोबार रु.२ करोड ६८ लाखसमेत रु.८० करोड ३१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समिति समेतको १ अर्ब १७ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सञ्चितकोष दाखिला** – साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेड र नेपाल खाद्य संस्थानलाई नून तथा खाद्यान्य ढुवानी गर्न निकासा दिएकोमा खर्च नभई बाँकी रहेको रु.१५ करोड २७ लाख २१ हजार सञ्चितकोष दाखिला गर्नुपर्नेमा प्रतिक्रियासाथ नेपाल खाद्य संस्थानले रु.११ करोड ९१ लाख ८३ हजार दाखिला गरेको छ । साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेडले दाखिला गर्न बाँकी रु.३ करोड ३५ लाख ३८ हजार दाखिला गर्नुपर्दछ ।

२. **वस्तुगत सहायता -** भूकम्पपीडितको सहयोगार्थ चीन सरकारबाट २०७२।८।२ मा रु.५० लाख चिनिया युयान बराबरको १० हजार थान इन्डक्सन चुलो र २०७२।७।१३ मा र रु.१० लाख चिनिया युयान बराबरको १० टन नून, १० टन तेल, ३० टन चामलसमेत नेपाली रुपैयाँ रु.९ करोड ३० लाखको वस्तुगत सहायता प्राप्त भएको छ । प्राप्त सहायतामध्ये नून, तेल र चामल खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले २०७२।११।२१ मा परीक्षण गर्दा नेपाल सरकारले तोकेको मापदण्डबमोजिम नून र चामल खानयोग्य देखिए तापनि तेलमा एसिडको मात्रा ०.५ प्रतिशतभन्दा बढी नहुनुपर्नेमा १.२६ देखि १.४१ प्रतिशतसम्म भएकाले खान योग्य नभएको प्रतिबेदन दिएको छ । इन्डक्सन चुल्होको सम्बन्धमा भन्सार महसुल र मूल्य अभिवृद्धिकर भुक्तानी गर्न नेसनल ट्रेडिङ्ग लिमिटेडलाई रु.२ करोड ५० लाख १९ हजार अनुदान दिइएकोमा हालसम्मको डेमरेज शुल्क रु.१ करोड बुझाउन बाँकी रहेकोले भन्सार गोदाममै रहेको छ । यसबाट भूकम्पपीडितले लाभ प्राप्त नगरेकोले उचित समयमै व्यवस्थापन गर्नुपर्दछ ।

३. **बजार अनुगमन -** उपभोक्ता संरक्षण ऐन, २०५४ र उपभोक्ता संरक्षण नियमावली, २०५६ बमोजिम आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण बिभागले २०७२।७३ को लागि काठमाडौं उपत्याकाभित्र ३ हजार ६०० व्यापारिक संस्थाको बजार अनुगमन गर्ने लक्ष्य राखेकोमा ३ हजार ९२६ को संख्यामा बजार अनुगमन भएको छ । विभागले कारोबार क्षेत्रको आधारमा लक्ष्य निर्धारण नगरी एकमुस्ट लक्ष्य निर्धारण गरेको छ । अनुगमन गरिएका मध्ये ७ सुन चाँदी पसललाई मिसावट तथा गुणस्तरहीन गहना बिक्री गरेको र एक खाद्यान्न पसललाई म्याद नाघेका सामानहरु बिक्री गरेको अभियोगमा काठमाडौ जिल्ला अदालतमा मुद्दा दायर गरेको पाइयो । साथै एक कन्फेक्सनरी उद्योग, एक फार्मेसीलगायत १४ फर्मले बढी मूल्य लिएको कारण थप अनुसन्धान तथा कारबाही गर्न महानगरीय प्रहरी परिसरमा पठाएको छ । थप कारबाही एवं निर्णयको जानकारी विभागलाई प्राप्त हुने गरेको छैन । अनुगमन गरिएको मध्ये ०.३१ प्रतिशतमात्र कारबाहीको दायरामा परेको र अभियोजन गरिएका फर्महरुलाई भएको कारबाहीसम्बन्धी निर्णयको अभिलेख विभागमा नहुँदा अनुगमन कार्यको प्रभावकारिताको परीक्षण गर्न सकिएन ।

अनुगमनको क्रममा गुणस्तर तथा मिसावट परीक्षण गर्न विभागसँग प्रयोगशाला नभएको, संस्थागत समन्वयको अभाब, प्रमुख जिल्ला अधिकारीको कार्य व्यस्तताको कारण जिल्ला अनुगमन तथा क्षतिपूर्ति समितिको बैठक बस्न विलम्ब हुनु, बजार निरीक्षण अधिकृतलाई आर्थिक दण्ड गर्ने कानुनी अधिकारको अभाव, उपभोक्ता इजलासको अभाव, नीतिगत अस्थिरता, महानिर्देशकलाई अर्धन्यायिक अधिकार नहुनु आदि समस्याको रुपमा पहिचान गरेको देखिन्छ ।

अत: अनुगमन कार्यमा प्रभावकारिता ल्याउन उपभोक्ता हितका सम्बन्धमा निरन्तर निगरानी गर्ने, उपभोक्ता हित विरुद्ध गल्ती गर्नेलाई चेतावनी दिने, उपभोक्ता हित संरक्षण इजलास वा अदालतको गठन, थोक पसल र खुद्रा पसलको स्पष्ट विभाजन, मूल्य निर्धारण मापदण्डको निश्चितता, बजार निरीक्षण अधिकृतलाई तत्काल आर्थिक जरिबाना गर्न सक्ने अधिकार, संस्थागत समन्वय, मूल्य नियन्त्रणको लागि थोक तथा खुद्रा मूल्यसूची व्यापार संघहरुबाट प्राप्त गरी मासिक रुपमा अद्यावधिक गर्ने, उपभोक्ताको आचारसंहिताको निर्माण, प्राविधिक कर्मचारीको व्यवस्था, सुविधा सम्पन्न प्रयोगशालाको व्यवस्थालगायतमा

ध्यान पुऱ्याउन सकेमा बजार अनुगमन कार्य थप प्रभावकारी भई उपभोक्ता हक हितको सुरक्षा हुन जाने देखिन्छ ।

## संगठित संस्था

### नेशनल ट्रेडिङ्ग लिमिटेड (२०६९।७०)

४. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** यो वर्ष कम्पनीको शेयर पुँजी रु.१६ करोड ९३ लाख, जगेडा तथा सञ्चित नोक्सान रु.७७ करोड ५८ लाख, दीर्घकालीन ऋण रु.१५ करोड, स्थिर सम्पत्ति रु.२ करोड ६९ लाख, लगानी रु.४ करोड ८ लाख ऋणात्मक, खुद चालु सम्पत्ति रु.४४ करोड २६ लाख ऋणात्मक रहेको छ । गत वर्षसम्मको सञ्चित नोक्सान रु.७० करोड ७९ लाख रहेकोमा यो बर्ष रु.१४ करोड ६२ लाख नोक्सान थप भई यस वर्षसम्मको सञ्चित नोक्सान रु.८५ करोड ४१ लाख पुगेको छ ।

५. **आन्तरिक नियन्त्रण व्यवस्था -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५.१ बैङ्कसँगको बाँकी ऋण मध्ये रु.९९ लाख ६ हजारको २०६९।६।१४ पछिको ब्याज र साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेडसँग संस्थाले लिएको ऋण रु.२ करोड ५० लाखको ब्याज खर्च गणना गरी खर्च व्यवस्था गरेको छैन । यसरी यस वर्षको ब्याज खर्च लेखाङ्कन गर्न छुट भएकोमा थप ब्याज खर्च लेखाङ्कन गर्नुपर्दा संस्थाको नोक्सानीमा थप वृद्धि हुने देखिन्छ । साथै संस्थाले यस आर्थिक वर्षमा ऋणको ब्याज समयमै चुक्ता नगर्दा हर्जाना र सोको ब्याजबापत रु.९ लाख थप आर्थिक भार पर्न गएको छ ।

५.२ वर्षान्तसम्म शाखासमेतको खुद लिनुपर्ने रु.३ करोड २४ लाख रहेकोमा मूल्य अभिवृद्धि कर विवरणअनुसार रु.४ लाख दिनुपर्ने भई रु.३ करोड २० लाख फरक परेकोमा सोको निर्क्यौल गरी खर्च व्यवस्था गरेको छैन । मूल्य अभिवृद्धि करको समयमै हिसाब मिलान नहुँदा सोबाट लाग्ने जरिवाना र ब्याज रकमले संस्थाको आर्थिक दायित्वमा वृद्धि हुन सक्ने हुँदा सोको निर्क्यौल गरी खर्च व्यवस्था गरेको छैन ।

६. **अवकाश दायित्व -** वर्षान्तसम्मको रु.१ करोड ८ लाख बाँकी मौज्दात रहेकोमा संस्थाले अवकाश भएका कर्मचारीहरुलाई उपदान, सञ्चित घर बिदा र बिरामी बिदाबापतको रकम नागरिक लगानी कोष हिसाबबाट भुक्तानी गर्ने गरी यस हिसाबबाट भुक्तानी गरेको रु.५ करोड १६ लाख हिसाबबाट न्यून गरी खुद रु.४ करोड ८ लाख क्रेडिट मौज्दात लगानी विवरणमा प्रस्तुत गरेको नेपाल लेखामान १ अनुसार क्रेडिट मौज्दात वित्तीय विवरणको दायित्व हिसाबमा प्रस्तुत गरेको छैन ।

७. **नगद तथा बैङ्क हिसाब -** केन्द्रको सानो नगदी कोष रु.३ हजार र बैङ्क मौज्दात समेत रु.५ करोड ६३ लाख ४२ हजार रहेको छ । केन्द्रीय कार्यालयअन्तर्गत विभिन्न २१ बैङ्क हिसाबमा खुद मौज्दात रु.५ करोड १८ लाख ४६ हजार र ३ बैङ्क हिसाबमा रु.२४ लाख ऋणात्मक मौज्दात न्यून गरी खुद मौज्दात रु.४ करोड ९४ लाख वित्तीय विवरणमा प्रस्तुत गरेको छ । ऋणात्मक मौज्दात रु.२४ लाखलाई नेपाल लेखामान १ अनुसार वित्तीय विवरणको दायित्व हिसाबमा प्रस्तुत गरेको छैन ।

### नेपाल आयल निगम लिमिटेड

निगमको २०७२।७३ को लेखापरीक्षण र वित्तीय प्रतिवेदनको विश्लेषणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

८. **वित्तीय स्थिति तथा सञ्चालन नतीजा -** निगमले गत र यो वर्षसमेत खुद नाफा रु.३४ अर्ब ४० करोड लाख आर्जन गर्नाका कारण शेयर धनीकोष गत वर्ष रु.१४ अर्ब ६८ करोड ५६ लाखले ऋणात्मक रहेकोमा यो वर्ष शेयर पुँजी रु.२९ करोड २३ लाखसहित शेयर धनी कोष रु.१ अर्ब ८७ करोड ५३ लाख कायम भएको छ । निगमको दीर्घकालीन दायित्व नरहेको र व्यवसायिक तथा अन्य भुक्तान गर्नुपर्ने दायित्व रु. ३ अर्ब ३० करोड १४ लाखको तुलनामा बैङ्क मौज्दातनै रु.९ अर्ब ३६ करोड ९१ लाख रहेको हुँदा दायित्व भुक्तान क्षमता सुदृढ रहेको छ ।

बिक्री आय गत वर्ष भन्दा ३०.१९ प्रतिशतले घटी भए तापनि गत वर्ष भन्दा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको खरिद मूल्यमा आएको गिरावटले करीब १० प्रतिशत बिक्री लागत कम हुनु, ऋण

भुक्तानी गर्नाले व्याज भुक्तानीमा कमी हुनु र मूल्य स्थिरीकरण कोषमा खर्च कम हुनाका कारण खुद नाफा २८.७० प्रतिशतले वृद्धि भई रु.१९ अर्ब ३५ करोड ९० लाख कायम हुन पुगेको छ। सोमा असुली शंकास्पद लगानी रु.७८ लाख, असुरक्षित आसामी रु.१ करोड २६ लाख तथा अग्रिम भुक्तानी, पेश्की, अन्तर शाखा हिसाब मिलान समायोजन गर्दा हुने संभावित नोक्सानीलाई समायोजन गर्ने हो भने निगमको नाफा रकम र शेयर धनी कोष घटी हुने स्थिति रहेको छ।




इन्धनको अन्तर्राष्ट्रिय मूल्यमा उतार चढाव भइरहने हुँदा निगमको आर्थिक स्थिति सबल राख्न पेट्रोलियम पदार्थको बिक्री मूल्यको निर्धारण स्वचालित प्रणालीमा भइरहनुपर्ने, बिक्री मूल्य अधिक वृद्धि हुनबाट रोक्न वर्षान्तसम्म कोषमा जम्मा भएको रु.३ अर्ब ३३ करोड ३३ लाख र आगामी दिनमा जम्मा हुने रकम समेतको प्रयोग गर्न मिल्ने व्यवस्था गर्नुपर्ने, बिक्री लागत र सञ्चालन खर्चमा नियन्त्रण गर्नुपर्ने र निगममा बैङ्क मौज्दात हुँदाहुँदै समयमै आपूर्तिकर्तालाई भुक्तानी नगर्नाका कारण ब्याज खर्च हुने स्थितिलाई बन्द गर्नुपर्ने तथा इन्धनमा हुने प्राविधिक र कार्य सम्पादन चुहावटलाई वाञ्छित सीमाभित्र राख्नुपर्ने र व्यवसायलाई विविधीकरणसमेत गरी ईन्धनको निरन्तर आपूर्ति व्यवस्थाका लागि एकभन्दा बढी विकल्पको व्यवस्था गर्नुपर्दछ।

९. **आन्तरिक नियन्त्रण व्यवस्था -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

९.१ निगमको अधिकांश इन्धन डिपोहरुमा क्यालिब्रेसन टावर र वेईङ्ग ब्रिज प्रयोगमा नरहेको, ग्यास उद्योगहरुलाई निर्धारित कोटा भन्दा बढी परिमाणमा ग्यास वितरण गरेको पाइएको, कर्मचारीलाई दिइएका ऋणको म्याद समाप्त भएतापनि हिसाब फरफारक नभएको, प्रयोजन समाप्त भइसकेका पेश्की रकम फछ्र्यौट नभएको, अन्तर शाखा हिसाब मिलान हुन रु.६ करोड ५२ लाख बाँकी रहेको र समयमा पेट्रोलियम पदार्थ आपूर्तिकर्तालाई भुक्तानी नगर्नाले रु.१ करोड २० लाख ब्याज खर्च लेखांकन गरेको, पेट्रोलियम पदार्थको नोक्सानी हुन सक्ने सीमाभन्दा बढी नोक्सान हुनाले रु.१ करोड ५० लाख थप क्षति भएको स्थितिले कमजोर नियन्त्रण व्यवस्था दर्शाएको हुँदा निगमले आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

९.२ निगमले मौज्दात जिन्सी र पुँजीगत सामानको उचित तवरले भौतिक परीक्षण गरी काम लाग्ने वा नलाग्ने सम्पत्तिको पहिचान गरी छुट्टयाई अभिलेख अधावधिक नराखेको, सम्पत्तिको सम्भावित नोक्सानी हुनबाट बच्न पूर्णरुपमा बीमा नगरेको, आवश्यकता भन्दा बढी संख्यामा र प्रयोगकर्ता पहिचान नहुने गरी ल्यापटप लगायतका सम्पत्ति प्रयोग गर्न दिएको स्थिती छ। यस अवस्थामा निगमको अभिलेख व्यवस्थापन तथा जिन्सी र सम्पत्ति व्यवस्थापनको स्थिती कमजोर रहेको छ।

१०. **बोनस व्यवस्था -** निगमले बोनसमा गत वर्ष रु.९० करोड २५ लाख र यो बर्ष रु.१ अर्ब २६ करोड १७ लाख छुट्टयाएको सहित वर्षान्तसम्म कुल कर्मचारी बोनस शीर्षकमा रु.२ अर्ब ३६ करोड ३१ लाख व्यवस्था गरेको छ। बोनस ऐन, २०३० को दफा ५(१) ले मुनाफा गर्ने निकायले खुद मुनाफाबाट बोनस वापत रकम छुट्टयाउने व्यवस्था गरेको छ। सोही ऐनको दफा ५(३) अनुसार नेपाल सरकारले बोनस वितरण गर्न प्रोदभावी आधारमा खर्च लेखिएको रकम अर्को आ.व.मा तिरिसकेको हुनुपर्ने, हरेक आर्थिक वर्षको सम्भावित दायित्व यकिन गरेर कोष खडा गरी रकम जम्मा गरेको हुनुपर्ने र नेपाल सरकारसँग लिएको ऋण रकम वा नेपाल सरकार जमानत बसी लिएको ऋण रकम ऋण लिंदा गरेको तमसुकको भुक्तानी तालिकाबमोजिम चुक्ता गरिसकेको हुनुपर्ने शर्तको पालना गर्नुपर्ने व्यवस्था गरेको छ। निगमले गत वर्ष सहित यो वर्ष ती शर्तको पालना नगरेकोले बोनस वितरण गरेको छैन। यद्यपि बोनस वितरण गर्न नमिल्ने अवस्था हुँदाहुदै बोनस वापत रकम छुट्टयाउने अभ्यास मनासिब देखिदैन।

सोही ऐनको दफा ९(२) बमोजिम आर्थिक वर्ष समाप्त भएको आठ महिनाभित्र बोनस वितरण गर्नुपर्ने र दफा १३ बमोजिम बोनस वितरण पश्चात बाँकी रहने रकम कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। यसरी कानुनमा तोकिएको अवधिसम्म बोनस वितरण गर्न नमिल्ने अवस्था ज्ञात हुँदाहुदै

निगमको सिमित पूँजीलाई आय आर्जन क्षमता वृद्धि गर्न नमिल्ने शीर्षकमा आबद्ध गरी निष्क्रिय राख्नाले सो पुँजीको वर्तमान मूल्यमा ह्रास आउने हुँदा कानुन बमोजिम मात्र  बोनसको व्यवस्था गर्नुपर्दछ ।

११. **स्थिर सम्पत्ति -** फर्निचर र मेशीन उपकरण जस्ता सम्पत्तिको परीक्षण गरी काम नलाग्ने, क्षतिग्रस्त तथा हराए नासिएका समानबापत हुन सक्ने सम्भावित नोक्सानी समायोजन नगरेको र निगमले खरिद गरेको रु.१२ करोड ८ लाख मूल्यको जग्गाका सम्बन्धमा अदालतमा मुद्दा विचाराधीन रहेको कारण सोको उपभोग गर्न सकेको छैन ।

१२. **लगानी -** निगमले अन्यत्र लगानी गर्दा उचित पोर्टफोलियो व्यवस्थापन गर्न लगानी नीति निर्धारण गरी लगानी गर्नुपर्नेमा सोबेगर नै यो वर्ष सूचीकृत नभएको कम्पनीको शेयरमा रु.५ लाख सहित वर्षान्त सम्म बिभिन्न संस्थामा रु.१ करोड ७८ लाख पुँजी लगानी गरेको छ । गत वर्षसम्मको लगानीको ०.४१ प्रतिशतले गत वर्षकै दरमा रु.७१ हजारमात्र लाभांश प्राप्त भएको स्थितिले पुँजी लागतको तुलनामा प्रतिफल साह्रै न्युन रहेको छ । त्यस्तै गरी निगमको बिटुमिन एण्ड ब्यारेल उधोगको शेयरमा रहेको लगानी रु.६६ लाखसमेत नेपाल सरकारले तेस्रो पक्षलाई बिक्री गरिसके तापनि सोको हिसाब फरफारक नगर्नाले वित्तीय विवरणमा सो शेयर रकम लगानी मै देखाएको स्थितिले यथार्थता चित्रण गर्दैन ।

निगमको दिगो वृद्धिका लागि लगानीको प्रवाह उत्साहजनक छैन । अत: निगमले व्यवसायिक योजनाका आधारमा जीर्ण भइसकेका भौतिक संरचनाको स्तरोन्नति गर्न, कारोबारलाई विविधीकरणका लागि ग्यास बोटलिङ्ग, प्लाण्ट बिटुमिन, ग्रिजलगायतका क्षेत्रमा बजार बिस्तार गर्न, पेट्रोलियम पदार्थको वर्षेनी करीब १२ प्रतिशतका दरले माग बढिरहेको स्थितिमा भण्डारण क्षमता विस्तार गर्न, पेट्रोलियम पदार्थको निरन्तर आपूर्तिका लागि एकभन्दा बढी आपूर्ति व्यवस्थाका विकल्प सुनिश्चित गर्न तथा जोखिम न्यूनीकरण गर्न नविन प्रविधिमा लगानी गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** – मन्त्रालय र मातहतसमेतका २ निकायमा यस वर्ष रु. १५ करोड ६५ लाख ९५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.११ करोड ९१ लाख ८३ हजार फछ्र्यौट गरेकोले रु.३ करोड ७४ लाख १२ हजार बाँकी रहेको छ ।